धनगढी उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं.:- २०८१।८२
चं.नं.:-

धनगढी, कैलाली
सुदुरपश्चि प्रदेश, नेपाल
website : dhangadhimun.gov.n

विषय:सटर भाडामा दिने सूचना
दोस्रो पटक प्रकाशित मिति:२०८१।०४।१.७

श्री जनता आधारभूत विद्यालय चटपूर धनगढी-०३ कैलालीको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०२।२ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको नाममा रहेको विद्यालयको ४ वटा सटर पश्चिम प्रवेश द्वार बाट क्रमशः सटर नं.१,२,३ र ४ प्रयोजनको लागि ठेक्का लिन चाहने ईच्छुक (व्यक्ती, फर्म वा कम्पनीले प्यान भ्याट नं. करचुक्ता प्रमाण पत्र फर्म वा कारोवार नविकरण भएको कागजात) सूचना बमोजिमको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१.प्रति सटर मासिक भाडा न्यूनतम बढाबढ रकम रु.५०००।- अक्षरुपी रु. पाँच हजार मात्र (बहाल कर बाहेक) कायम गरिएको छ ।

२.बहालवालाले सटरको रंगरोगन आफै गर्नू पर्नेछ । सटर विद्यालयको हाता संग जोडिएकोले मादक पदार्थ सुर्तिजन्य पदार्थ गुट्का तथा वालवालिकाको स्वस्थ्यमा प्रत्यक्ष असर पार्ने खानेकुरा बिक्री वितरण गर्न पाईने छैन ।

३.बहाल अवधी सम्झौता भएको मिति देखि ५ वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखियमा समय अवधी थप गर्न सकिनेछ ।

४. दरभाउ पत्र फाराम सूचना प्रकाशित मिति बाट १५ दिन भित्र कार्यालय समयमा रु.१०००।– रु एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

५.सूचना प्रकाशित भएको मिति बाट १६औं दिनको दिउसो १२:०० बजे भित्र दरभाउ पत्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ ।रितपुर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउसो १.००बजे सम्बन्धित व्यक्ति, फर्म वा कम्पनी निजले तोकेको प्रतिनिधीको रोहवरमा खोलिनेछ ।तर सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीले तोकेको प्रतिनिधीहरु उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६.यस विद्यालयलाई बुझाउनु पर्ने भाडा बाकी बक्यौता भएका ब्यक्ति,फर्म वा कम्पनीले यस बहाल प्रक्रियामा भाग लिन पाउने छैनन् ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

७.विद्यालयलाई कुनै भवन वा सटर आवस्यक परेमा विद्यालयले आवस्यक पर्ने भवन वा सटर उपभोग गर्नेछ । सो बाफतको हिसावबाट हुने रकम कबोल रकमबाट घटाइने छ ।

८.दरभाउ पत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविस्यमा विद्यालयलाई हानि नोक्सानी हुनेगरी बनाउन पाइने छैन। विद्यालयलाई आवस्यक देखिने संरचना बनाउन चाहेमा विद्यालयको स्वीकृती लिएर बनाउन सकिनेछ र भौतिक संरचना स्वतः विद्यालयको हुनेछ ।

९.दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलबन्दी दरभाउ पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

१०. कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

११.बहाल सम्झौता भएको कुनै पनि संरचना सम्झौता अवधी नसकिदै छोड्न चाहेमा बहालवालाले ६ महिना अगाबै सम्बन्धित विद्यालय लाई जानकारी गराउनु पर्नेछ ।जानकारी भएको मिति सम्मको बहाल रकम बुझाएर मात्र विद्यालयको संरचना छोड्नु पर्नेछ ।

१२.दरभाउ पत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशत रकम श्री जनता आधारभूत विद्यालयको श्री राष्ट्रिय वाणिज्य बैक, धनगढी शाखाको चल्ती खाताको हि.न.४१७०१००००२७३९००१ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्गको मान्यता प्राप्त वाणिज्य बैकको बैक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१३.दरभाउ पत्र भाडा अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पस्ट लेखेको हुनु पर्नेछ ।यदि फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।यस कार्यालयबाट प्रमाणित नगरी विक्री भएको र म्याद नाघी आएको दरभाउ पत्र माथी कुनै कारबाही हुने छैन ।

१४.दरभाउ पत्र दाताले कबोल गरेको बहाल अंक वरावरको नगद वा नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त वाणिज्य बैक द्वारा बहाल अवधी सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछी मात्र ठेक्का भोगचलनको पट्टापुर्जि गरिनेछ ।

१५.बहाल दिने कार्य स्वीकृती भएपछी पहिलो वर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रिम दाखिला गर्नु पर्नेछ ।दोस्रो किस्ताको रकम सोको ३ महिना पुग्ने दिन भित्र अग्रिम बुझाउनु पर्नेछ ।त्यस पछिका वर्षका हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ३।३ महिना भित्र

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

किस्ता बाफतको रकम बुझाउनू पर्नेछ ।यसको विस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

१६.बहाल अनुसार विद्यालयलाई बुझाउने रकममा २/२ वर्षमा शूरु रकमको १०% ले वृद्धि गरिदा बढेकै रकमलाई आधार मानी वृद्धि हुदै जानेछ ।कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दावि गर्न पाईने छैन ।

१७.अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ नियमावली,२०६४ तथा प्रचलित नेपाल सरकारका अन्य कानून बमोजिम हुनेछ ।त्रिपक्षिय सम्झौता गर्दा धनगढी उपमहानगरपालिका र विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

१८. यस सम्बन्धि थप जानकारीका लागि ९८५८४२२४३४ मा सम्पर्क गर्न सकिनेछ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत